खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड
(नेपाल सरकारको पूर्ण स्वामित्वमा भएको)
प्रधान कार्यालय
बिक्री वितरण बिभाग
(बिक्री व्यवस्थापन शाखा)
भद्रकाली प्लाजा
काठमाण्डौ, नेपाल।

पत्र.सङ्ख्याःवि.वि.मु..१३/२०८१/०८२ मिति : २०८२/०१/३० गते
चलानी नं. : ६२५

बिषयः निर्देशन/परिपत्र सम्बन्धमा।

श्री खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड
प्रादेशिक कार्यालय, सबै।
मुख्य शाखा कार्यालय, सबै।
शाखा कार्यालयहरु, सबै।

नेपाल सरकारको नीति अनुसार सुलभ आपूर्तिमा बजारको क्रियाशिलता, मूल्यको प्रभावकारीता स्थानीय तह सम्मको सहज आपूर्ति व्यवस्था साथै जुनसुकै कारणवाट श्रृर्जित विपदजन्य अवस्थामा आपतकालिन खाद्य सुरक्षाको लागि कम्पनीको विर्तामोड, विराटनगर, वीरगञ्ज, काठमाण्डौ, लहान, पोखरा, नेपालगञ्ज, सुर्खेत र धनगढीका गोदामहरुमा राष्ट्रिय खाद्य सुरक्षा तथा सार्क खाद्य बैंकको लागि ३३,००० मे.टन. खाद्यान्न भण्डार गर्ने साथै सुगमका जिल्लाहरु भएकोले जनकपुर, राजापुर बर्दिया, महेन्द्रनगर र तुल्सीपुरमा समेत खाद्यान्न संचिति गर्नुपर्ने हुन्छ, साथै खुला तथा संस्थागत बिक्री वितरण र दुर्गम क्षेत्रमा खाद्यान्न आपूर्तिको लागि थप खाद्यान्नको समेत व्यवस्थापन गर्नुपर्ने हुँदा हाल कतिपय कार्यालयमा खाद्यान्न खरिद भईरहेको छ। खरिद गर्ने कार्यालय चलान गर्ने बिषयमा मात्र केन्द्रित हुँदा भण्डारण पछिको गुणस्तर कायम गराई राख्न ध्यान नपुऱ्याई दिंदा खाद्यान्न खरिद भएको एक वर्ष नहुँदै गुणस्तरमा समस्या आई बिक्री वितरणमा समस्या भएको हुँदा मौज्दात व्यवस्थापन, गुणस्तर संरक्षण, खाद्यान्न आपूर्ति साथै बिक्री वितरणमा देहायको कार्य व्यवस्था गर्न निर्देशनात्मक परिपत्र जारी गरीएको छ।

खाद्यान्न खरिद, भण्डारण र संरक्षणः

- खरिद भईरहेको चामलको तौल, कस्तीमा प्रयोग भएको बोराको अवस्था, लेवल र गुणस्तरको सुनिश्चितता गरे पश्चात खरिद गरी भण्डारणको व्यवस्था गर्ने।
- मौज्दातमा रहेको चामल कार्यालय प्रमुख स्वयं, गुणस्तर प्राविधिक तथा स्टोरकिपरले दैनिक रुपमा निरीक्षण गर्ने।
- गर्मी समय शुरु भईसकेकोले मौज्दात खाद्य बस्तुमा घुन, किरा, चिलेसा देखिए पछि मात्र फ्युमिगेशन नगरी घुन, किरा, चिलेसा लाग्नु अगावै तालिका बद्ध रुपमा फ्युमिगेशन गरी संरक्षण गर्ने।

रमेश आचार्य
प्रमुख कार्यकारी अधिकृत

क्रमशः

☎ ०१-५३५२७६७ Website:-www.fmtc.org.np, Online Portal:- nepalfood.gov.np, E-mail:sales@fmtc.org.np

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड

(नेपाल सरकारको पूर्ण स्वामित्व भएको)

प्रधान कार्यालय

बिक्री वितरण बिभाग

(बिक्री व्यवस्थापन शाखा)

भद्रकाली प्लाजा
काठमाण्डौ, नेपाल।



- चामलको उपभोग्य मिति २४ महिना हुने भएकोले कम्तिमा सो समयसम्म खरिद गर्ने कार्यालयले गुणस्तर कायम राख्न पूर्ण प्रतिबद्ध हुनुपर्ने।
- खाद्यान्न संचित गोदाम भित्र जो व्यक्ती जुनसुकै अवस्थामा निर्वाद रुपमा प्रवेश गर्ने, घुम्ने कार्यलाई पूर्ण रुपमा बन्द गर्ने।
- खाद्यान्न संचित रहेको गोदाम भित्र फाटेका बोरा, भाँचिएका प्यालेटसका टुक्रा, छरिएको चामल, श्रमिकहरुको लुगाजुत्ता चप्पल जस्ता बस्तुहरु तत्काल हटाई गोदाम सरसरफाई गर्ने।
- कम्पनीका गोदामहरुको छाना पुरानो भएकोले बर्षादमा चुहिने स्थानको point out गरी चुहिने ठाँउमा त्रिपालले छोपि खाद्यान्नलाई भिज्नबाट जोगाई राख्ने।
- मनसुन शुरु हुन थालिसकेकोले मनसुनजन्य विपद् पूर्व तयारीको लागि खाद्यान्न मौज्दातको दैनिक विवरण आवश्यक पर्ने हुँदा खाद्यान्न मौज्दात विवरण प्रत्येक दिन बिक्री वितरण विभागको ई-मेल वा फोनबाट जानकारी गराउनु हुनेछ।

ढुवानी व्यवस्थाः

- दुर्गमका क्षेत्रहरुमा पठाउनु पर्ने खाद्यान्नलाई प्राथमिकतामा राखि स्वीकृत कोटाको खाद्यान्न तत्काल ढुवानी गराउनु हुनेछ, ढुवानीमा आलटाल गर्ने ढुवानीकर्तालाई तत्कालै सम्झौता बमोजिम चलान गर्ने कार्यालयबाट कारवाही गरी छिटो ढुवानी हुने विकल्पहरु सिफारिस गर्ने।
- दुर्गमका डिपो र बिक्री केन्द्र नभएको स्थानहरुमा खाद्यान्न चलान गरी पठाउँदा चामलको किसिम, परिमाण, मूल्य खुलाई प्राप्त हुने जिल्लाको शाखा, जिल्ला प्रशासन कार्यालय, डिपो/वितरण केन्द्र रहेको सम्बन्धित गाउँपालिकाहरुलाई समेत अनिवार्य जानकारी गराई वितरणमा समन्वय एवं सहजिकरण गरीदिन अनुरोध गर्ने।
- कर्मचारी नभएको स्थानहरुमा ढुवानीकर्ताबाट चामल बिक्री वितरण गर्दा ढुवानीकर्ताले निर्धारित मूल्य भन्दा बढि लिएको, पुऱ्याउनु पर्ने स्थानहरुमा नपुऱ्याई ढुवानीकर्ताको अनुकुलको स्थानहरुमा बिक्री गर्ने जस्ता गुनसोहरु बारम्वार आईरहने हुँदा गुनासो शून्य हुने गरी शाखा कार्यालय, प्रादेशिक कार्यालयबाट साथै आवश्यक देखिएमा स्थानीय प्रशासनको सहयोगमा अनुगमन गर्ने।
- मनसुन शुरु भई केहि समय पछि स्थलमार्गहरु अवरुद्ध भई दुर्गम स्थानहरुको ढुवानी बन्द हुने हुँदा ढुवानी भईरहेको यो समयमा कठिन भौगोलिक अवस्था, खाद्यान्न अभाव भईरहने क्षेत्र, साथै सम्भावित बिपद् जन्य अवस्थालाई मध्यनजर गरी मुख्य रुपमा कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेशका सबै जिल्लाका शाखा र डिपोहरुमा खाद्यान्न मौज्दात राख्ने, गोदाम नपुग भएमा भाडामा समेत लिने र निर्देशन हुँदाहुँदै ती क्षेत्रहरुमा खाद्यान्न मौज्दात नराख्ने र खाद्यान्न नबुझ्ने जस्ता कार्यहरु नगर्ने।

रमेश आचार्य

खाद्य व्यवस्था तथा ब्यापार कम्पनी लिमिटेड

(नेपाल सरकारको पूर्ण स्वामित्व भएको)

प्रधान कार्यालय

बिक्री वितरण बिभाग

(बिक्री व्यवस्थापन शाखा)

भद्रकाली प्लाजा
काठमाण्डौ, नेपाल।



- नेपाल सरकारको नीति अनुसार अनुदानमा ढुवानी हुने अति दुर्गम तथा दुर्गम क्षेत्र जहाँ ढुवानी लागत अत्यधिक बढि खर्च हुने अवस्थामा कोटा थपको माग गर्दा भौगोलिक अवस्था, खाद्यान्नको माग, आपूर्ति स्थिति र लाभग्राहीको आयस्तर जस्ता विषयको अध्ययन गरी अनिवार्य रुपमा जिल्ला खाद्य व्यवस्था समितिको बैठकबाट निर्णय गराई माग गर्ने साथै नेपाल सरकारबाट ढुवानी अनुदान प्राप्त जिल्लाहरुमा अनुदानले लाभग्राहीलाई मूल्यमा पुऱ्याएको सुविधा, आपूर्ति व्यवस्था, मूल्य नियन्त्रण जस्ता बिषय साथै आगामी दिनहरुमा कम्पनीले पुऱ्याउने सेवाका बिषयमा खाद्य व्यवस्था समितिको नियमित बैठक बसाई निर्णयहरु प्रधान कार्यालयमा पठाउने।

**बिक्री वितरण व्यवस्थाः**

- कम्पनीका खाद्य वस्तुहरु सहजै उपभोक्ताले खरिद गर्न सक्ने गरी कम्पनीका गोदामहरु हरेक दिन कार्यालय समयभर अनिवार्य खोल्ने व्यवस्था मिलाउने साथै बिहान/साँझको समयमा कम्पनीका खाद्य वस्तुहरु बढि बिक्री हुने अवस्था भएमा के-कसरी व्यवस्थापन गर्न सकिन्छ? गर्न सकिने उपलब्धी सहित सिफारिस गरी पठाउने।
- कम्पनीको वस्तु तथा सेवाको विविधिकरण गर्न काठमाण्डौ निःशुल्क अनलाईन डेलिभरी सेवालाई व्यापक बनाउने साथै सुर्खेत र पोखराको अनलाईन डेलिभरी सेवालाई नियमित गर्ने।
- Front desk मा रही उपभोक्तासंग सिधा सम्पर्क हुने कर्मचारी, बिक्रेताले शिष्ट र मर्यादित व्यवहार गर्ने, बिक्री भएको परिमाण, मूल्य खुलेको बिलविजक अनिवार्य जारी गर्ने खाद्य वस्तुको गुणस्तर, तौल र लेवल चेक गरेर मात्र डेलिभरी गर्ने।
- Nearest Expiry Date भएका खाद्य वस्तुलाई पहिलो प्राथमिकतामा राखी बिक्री गर्ने तर लामो सम्म म्याद भएको वस्तुको बिक्री अघि र Nearest Expiry date भएको खाद्यान्नको बिक्री पछी गर्दा मौज्दात बांकी रहन गई कम्पनीलाई नोक्सानी पर्न गएमा सो वस्तुको मूल्य सम्बन्धितबाट असुल उपर गरीने।

**बोधार्थः**

श्री वित्तीय व्यवस्थापन विभाग,
श्री आन्तरिक नियन्त्रण विभाग,
श्री गुणस्तर नियन्त्रण एकाई,
खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड
प्रधान कार्यलय, काठमाण्डौ।

(रमेश आचार्य)
प्रमुख कार्यकारी अधिकृत

रमेश आचार्य
प्रमुख कार्यकारी अधिकृत

☎ ०१-५३५२७६७ Website:-www.fmtc.org.np, Online Portal:- nepalfood.gov.np, E-mail:sales@fmtc.org.np